# खप्तडछान्ना गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

पसलबगर,बझाङ्ग
सुदूरपश्चिमप्रदेश नेपाल

**बैठक संख्याः-** २८

मितिः २०८१/०९/२५

नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य सञ्चालन गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले खप्तडछान्ना गाउँ कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधी, २०७४ को दफा १० बमोजिम गाउँपालिका अध्यक्ष श्री उत्तम बहादुर रोकाया ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

**तपसिल**

अध्यक्ष श्री उत्तम बहादुर रोकाया

उपाध्यक्ष श्री विष्णु कुमार थापा

७ नं वडा अध्यक्ष (प्रवक्ता) श्री रमानन्द जोशी

१ नं वडा अध्यक्ष श्री देवीभक्त जोशी

२ नं वडा अध्यक्ष श्री ज्योती प्रकास बोगटी

३ नं वडा अध्यक्ष श्री गौरी कुमारी अधिकारी

४ नं वडा अध्यक्ष श्री ईश्वर बहादुर रोकाया

५ नं वडा अध्यक्ष श्री राम बहादुर सिंह

६ नं वडा अध्यक्ष श्री तेज बहादुर खड्का

कार्यपालिका सदस्य श्री लक्ष्मी सार्की

कार्यपालिका सदस्य श्री बुलु देवी आग्री

कार्यपालिका सदस्य श्री मना देवी खड्का

कार्यपालिका सदस्य श्री सर्मिला देवी रोकाया

कार्यपालिका सदस्य श्री प्रकास सुनार

कार्यपालिका सदस्य श्री जोगी सार्की

सदस्य सचिव श्री विर बहादुर नेपाली

**प्रस्तावहरु**

१. सेवा प्रवाह सम्वन्धमा ।
२. संघीय सम्पुरक र विशेष अनुदानका लागि योजना माग सम्वन्धमा ।
३. सवारी साधान माग गर्ने सम्वन्धमा ।
४. आ.व. २०८१।२०८२ को अर्धवार्षिक समिक्षा साथै आ.व. २०८०।२०८१ को LISA को निंजा सार्वजनिक गर्ने सम्वन्धमा ।
५. मदिरा पसल दर्ता गर्ने सम्वन्धमा ।
६. बजार अनुगमन सम्वन्धमा ।
७. संगम बचत तथा श्रण सहकारी संस्थाको नाम परिमार्जन गर्ने सम्वन्धमा ।
८. झोलुङ्गेपुल माग सम्वन्धमा ।

**निर्णयहरुः**

१ प्रस्ताव नं.१ माथि छलफल गर्दा खसंडछान्ना गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु चुस्तदुरुस्त प्रदान गर्ने निर्णय गरियो ।

२.प्रस्ताव नं.१ माथि छलफल गर्दा आं.व. २०८२।०८३ का लागि संघीय सरकारबाट अनुदान प्राप्त हुने सम्पुरक र विशेष अनुदानका लागि तपसिलका योजनाहरु मांग गर्ने निर्णय गरियो ।

तपसिल

**सम्पुरक**

क. सिल्काबाडा बामिली सडक
ख. १० सैया अस्पताल घेरवार
ग. विर्ता सिचाई कुलो निर्माण

**विशेष अनुदान**

क. ५ नं. वडा कार्यालय भवन निर्माण
ख. ६ नं. वडा कार्यालय भवन निर्माण
ग. खसडछान्ना गाउँपालिका खेलमैदान निर्माण
घ. चिल्ड्रेन पार्क निर्माण

३. प्रस्ताव नं.१ माथि छलफल गर्दा यस गाउँपालिकाको चार पाङ्गे हल्का सवारी साधान विग्रन गई कामकाज गर्न अफठेरो पर्न गएकाले अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा चारपाङ्गे हल्का सवारी साधानको लागि अनुरोध गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व.२०८१।०८२ को अर्धवार्षिक समिक्षाका साथै आ.व.२०८०।२०८१ मा भए गरेका कामहरुको विवरण अनुसार LISA को अन्तिम नतिजा प्राप्ताङ्क ६८.७५ स्विकृत गरि सार्वजनिक गर्ने निर्णय गरियो ।

AnyScanner